# त्रिभुवन विश्वविद्यालय

# स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनसम्बन्धी निर्देशिका, २०८१

पारित मिति : २०८१/१०/२८

(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. ५६५)

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

# त्रिभुवन विश्वविद्यालय

## स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनसम्बन्धी निर्देशिका, २०८१

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४९ बमोजिम गठन हुने स्वतन्त्र विद्यार्थी युनियनको कार्य समितिको नियम ३४८ बमोजिम हुने निर्बाचनको लागि निर्बाचन सम्बन्धि निर्देशिका बनाउन बान्छनिय देखिएकोले स्वतन्त्र विद्यार्थी युनियन निर्बाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सञ्चालन गर्न त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले निर्देशिका बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१)यी निर्देशिकाहरुको नाम "स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनसम्बन्धी निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ;

(क) "क्याम्पस" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आङ्गिक क्याम्पस र सम्बन्धनप्राप्त क्याम्पस सम्झनु पर्छ ।

(ख) "कार्य समिति" भन्नाले निर्देशिकाको दफा ४ बमोजिमको समिति सम्झनु पर्छ ।

(ग) "नियम" भन्नाले त्रिभुवन विश्वविद्यालयसङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० सम्झनु पर्छ ।

(घ) "निर्वाचन समिति" भन्नाले निर्देशिकाको दफा ५ बमोजिमको समिति सम्झनु पर्छ ।

(ङ) "रजिष्ट्रार" भन्नाले त्रिभुवन विश्वविद्यालयको रजिष्ट्रार सम्झनु पर्छ ।

(च) "विनियम" भन्नाले विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयसम्बन्धी विनियम, २०७७ सम्झनु पर्छ ।

(छ) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ ।

(ज) "शिक्षाध्यक्ष" भन्नाले त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्ष सम्झनु पर्छ ।

(झ) "स्व.वि.यु" भन्नाले सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४३ बमोजिमको स्वतन्त्र विद्यार्थी युनियन सम्झनु पर्छ ।

(ञ) "समन्वय समिति" भन्नाले यसै निर्देशिकाको दफा ३ बमोजिमको समिति सम्झनु पर्छ ।

३. **स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समिति** :(१) स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित रूपमा सञ्चालन गर्न केन्द्रीय स्तरमा देहायबमोजिमको एक स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिगठन हुनेछः

| | | |
|---|---|---|
| (क) | शिक्षाध्यक्ष | संयोजक |
| (ख) | रजिष्ट्रार | सह संयोजक |
| (ग) | विद्यार्थी कल्याण परिषद्मा रहेका डीनहरूमध्येबाट तीनजना | सदस्य |
| (घ) | कार्यकारी निर्देशक/निर्देशक मध्येबाट दुईजना | सदस्य |

| | | |
|---|---|---|
| (ङ) | विश्वविद्यालयका शिक्षकहरूमध्येबाट चारजना | सदस्य |
| (च) | प्रमुख, त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय | सदस्य |
| (छ) | प्रमुख, आर्थिक प्रशासन महाशाखा | सदस्य |
| (ज) | प्रमुख, सामान्य प्रशासन महाशाखा | सदस्य |
| (झ) | प्रमुख, सुचना तथा जनसम्पर्क महाशाखा | सदस्य |
| (ञ) | प्रमुख, प्रमुख कानूनी सल्लाहकारको कार्यालय | सदस्य |
| (ट) | निर्देशक, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार देहायबमोजिम हुनेछ :

(क) स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन सम्बन्धमा आवश्यक आचार संहिता तोक्ने ।

(ख) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन स्वच्छ, स्वतन्त्र र भयरहित गराउने प्रयोजनार्थ यस निर्देशिकामा उल्लेख भएका कुराहरू पालना भए नभएको अनुगमन गर्ने ।

(ग) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनका सम्बन्धमा आवश्यकतानुसार समन्वय गर्ने ।

(घ) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनको सिलसिलामा कुनै विवाद उत्पन्न भए त्यसको निरुपणका लागि आवश्यक कार्य गर्ने ।

(ङ) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय कार्यसमितिलाई आवश्यकताअनुसार सुझाव, निर्देशन, सल्लाह दिने र सहयोग गर्ने ।

(च) निर्वाचनको सम्बन्धमा उठेका विवादको विषयमा कार्यकारी परिषद्लाई आवश्यक राय सुझाव पेस गर्ने ।

(छ) स्वतन्त्र विद्यार्थी युनियनको निर्बाचन गर्ने सम्बन्धमा नियम तथा कार्यबिधिको मर्म र भावना बिपरित नहुने गरी आवश्यकता अनुसार निर्णय गरी सोको जानकारी कार्यकारी परिषदलाई गराउने ।

**४. स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय कार्य समिति :** (१)स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न केन्द्रीय स्तरमा देहाय बमोजिमको एक स्व.वि.यु. निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय कार्य समितिगठन हुनेछः

| | | |
|---|---|---|
| (क) | शिक्षाध्यक्ष | संयोजक |
| (ख) | रजिष्ट्रार | सह संयोजक |
| (ग) | शिक्षकहरूमध्येबाट तीनजना | सदस्य |
| (घ) | प्रमुख, कानूनी सल्लाहकारको कार्यालय | सदस्य |
| (ङ) | निर्देशक, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनका लागि त्रि.वि. सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० र त्रि.वि. विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयसम्बन्धी विनियम २०७७ समेतका आधारमा आवश्यक निर्णय गर्ने ।

(ख) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनका लागि आवश्यक निर्वाचन कार्य तालिका बनाई प्रकाशित गर्ने ।

(ग) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन गर्ने दिन निर्वाचनसम्बन्धी क्रियाकलापलाई व्यवस्थित गर्न मतदान समय, मतदाता नामावली, प्रचार प्रसार सामग्री र त्रि.वि. कार्यकारी परिषद्ले तोकेको कार्यका लागि सम्बन्धित क्याम्पस/कलेज प्रमुख र मतदान अधिकृतसहितको टोलीलाई जिम्मेवारी प्रत्यायोजन गर्ने ।

(घ) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनको लागि आवश्यक सुरक्षाको व्यवस्थापन गर्न समन्वय गर्ने ।

(ङ) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनका लागि आवश्यक स्रोत साधनको परिचालनमा सहजीकरण गर्ने ।

(च) निर्वाचन सम्बन्धमा आवश्यकताअनुसार अनुगमन गरी स्वच्छ र निष्पक्ष स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन सम्पन्न गर्ने वातावरण बनाउने ।

(छ) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनमा निर्वाचित विद्यार्थीहरूलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा बनाई कार्यान्वयन गर्ने ।

(ज) स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनका लागि स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिद्वारा प्रत्यायोजित कार्य र तोकिएका अन्य कार्य गर्ने/गराउने ।

(झ) त्रि.वि. कार्यकारी परिषद्बाट समय समयमा निर्वाचनसम्बन्धी कुनै निर्णय गर्नुपर्ने भएमा तत् सम्बन्धमा राय, सुझाव दिने ।

(३) प्रत्येक जिल्लामा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन पर्यवेक्षण गर्न तीन सदस्यीय देहाय बमोजिमको समिति हुनेछ :

(क) नेपाल बार एसोशियसन प्रतिनिधि - एक

(ख) नेपाल पत्रकार महासंघ प्रतिनिधि – एक

(ग) मानव अधिकार आयोगको प्रतिनिधि – एक

**५. स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन समिति :** (१)स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न क्याम्पस/कलेजमा क्याम्पस प्रमुखले स्व.वि.यु. निर्वाचन समिति गठन गर्नेछ । समितिमा क्याम्पस विद्यार्थी कल्याण प्रमुख संयोजक वा सदस्य सचिव रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको समितिमा क्याम्पस/कलेज प्रमुखले तोकेबमोजिम निर्वाचन अधिकृत एकजना र अन्य सदस्यहरूहुनेछन् । समितिमा विद्यार्थी सङ्ख्याका आधारमा २०० जनासम्म ५ सदस्यीय, २०१ देखि १००० सम्म ७ सदस्यीय, १००१ देखि ३००० सम्म ९ सदस्यीय, ३००१ देखि ५००० सम्म ११ सदस्यीय र ५००१ देखि माथि १३ सदस्यीय निर्वाचन समिति गठन गर्न सकिने छ । क्याम्पसले आवश्यक ठानेमा समितिको सदस्य सङ्ख्या कम गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार देहायबमोजिम हुनेछ :

(क) स्व.वि.यु. निर्वाचन तालिका प्रकाशन र कार्यान्वयन गर्ने ।

(ख) मतदाता नामावली प्रकाशन गर्ने ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय

(ग) स्व.वि.यु.निर्वाचन गर्ने दिन निर्वाचनसम्बन्धी क्रियाकलापलाई व्यवस्थित गर्न सम्बन्धित क्याम्पस/कलेजमा प्रचार प्रसार अवधि, सामग्री, मतदान सुरु हुने र बन्द हुने समय, मतदाता परिचयपत्रलगायतका कार्यहरूको सम्बन्धमा सूचनागर्ने ।

(ग) निर्वाचन गराउने ।

(घ) मतगणना गर्ने र विजयी उम्मेदवारहरूले पाएको मतको सङ्ख्यासमेत उल्लेख गरी परिणाम घोषणा गर्ने, प्रमाणपत्र प्रदान गर्ने र निर्धारित समयमा सपथ ग्रहण गराउने ।

**६. मतदाता नामावली र उमेदवारको योग्यता सम्बन्धी व्यवस्था** :(१) क्याम्पस/कलेजमा स्नातक र स्नातकोत्तर तहमा भर्ना भएका (नियमित तथा आन्तरिक श्रोतमा अध्ययनरत विद्यार्थी समेत) विद्यार्थीहरूको नामावली समावेश गरी तोकिएको कार्यतालिका बमोजिम स्व.वि.यु. निर्वाचन समितिले मतदाता नामावली प्रकाशन गर्नेछ ।

(२) कुनै पनि तहको अन्तिम सेमेस्टर वा अन्तिम वर्षको सैद्धान्तिक परीक्षा दिइसकेका विद्यार्थीहरू निर्वाचनको कुनै पनि प्रकृयामा सहभागी हुन पाउने छैनन् ।

(३) स्नातकोत्तर तह प्रथम सेमेष्टर, स्नातक तह प्रथम सेमेष्टर र स्नातक तह प्रथम वर्षमा (वार्षिक प्रणालीअन्तर्गत) विद्यार्थी भर्ना सम्बन्धि शिक्षाध्यक्ष तथा डीन कार्यालयबाट सुचना जारी गरी तोकिएको मिति सम्म भर्ना भएका विद्यार्थीहरू मात्र र अन्य सेमेष्टर र बर्षमा अध्ययन गर्ने विद्यार्थीको हकमा मतदाता नामावली प्रकाशित हुने मितिभन्दा पाँच दिन अघिसम्म नियमानुसार भर्ना भएका विद्यार्थीहरूलाई मतदाता नामावलीमा समावेश गरिने छ ।

(४) प्रमुख अतिरिक्त विषय अध्ययन गर्ने तर ट्रान्सक्रिप्ट नपाउने अवस्थाका विद्यार्थीहरू मतदाता नामावलीमा समावेश गरिने छैन ।

(५) कुनै एक तहको अध्ययन सकेर उत्तीर्ण भइसकेपछि पुनः त्यही तह र विषयमा भर्ना भएका विद्यार्थीहरूलाई मतदाता नामावलीमा समावेश गरिने छैन तर विषय परिवर्तन गरी सोही तहमा अध्ययन गर्न नियमित विद्यार्थीका रूपमा क्याम्पस भर्ना भएका विद्यार्थीहरूको नाम मतदाता नामावलीमा समावेश गरिनेछ ।

(६) सरकारी निकाय तथा संस्थानमा स्थायी तथा करारमा कार्यरत विद्यार्थी स्व.वि.यु. निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(७) मतदाता नामावली सङ्घ, सङ्गठन वा समूहलाई एक सेट उपलब्ध गराउनु पर्नेछ । एकभन्दा बढी सेट लिन चाहेमा क्याम्पसले निर्धारण गरेको शुल्क बुझाई लिन सकिनेछ ।

(८) त्रि.वि.निर्वाचन कार्य समितिले स्व.वि.यु. निर्वाचन तालिका तोकिएको निर्वाचन मिति भन्दा २१ दिन अगावै प्रकाशन गर्नेछ ।

**७. उम्मेदवार मनोनयन सम्बन्धी व्यवस्था** : (१) क्याम्पस निर्वाचन समितिले तोकेको मिति र समय भित्र सङ्घ, सङ्गठन, संयुक्त प्यानल वा समूहले निर्वाचन प्रक्रियाको लागि क्याम्पसमा नाम दर्ता गराउनुपर्नेछ । तोकेको मिति र समयभित्र दर्ता नभएका सङ्घ, सङ्गठन वा समूहको उम्मेदवारीलाई सो प्रयोजनका लागि मान्यता दिइने छैन ।

(२) विद्यार्थीहरूले प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने पदको लागि सङ्घ, सङ्गठन, संयुक्त प्यानल, समूह वा स्वतन्त्र रूपमा निर्वाचनमा उम्मेदवारी दिन सक्ने छन् । मतपत्र तयार पार्दा सहमतिको आधारमा समूहगत/सङ्गठनात्मक रूपमा तयार पार्न सकिनेछ । मतपत्रमा सङ्गठन, संयुक्त प्यानल वा समूहको नाम राख्दा उम्मेदवारी दर्ता भएको क्रम सङ्ख्याअनुसार राखिनेछ ।

समूहगत रूपमा निर्वाचनमा भाग लिन चाहनेले समूहको नामावली र मनोनयन पत्र दर्ता गर्नुपर्नेछ । निर्वाचनमा उम्मेदवार हुन तोकिएको उमेर हद नाघेका र योग्यता नपुगेका उम्मेदवारको उम्मेदवारी स्वत: बदर भएको मानिनेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि सङ्घ, सङ्गठन, संयुक्त प्यानल वा समूहको उम्मेदवारको रूपमा भाग लिने विद्यार्थी सङ्गठनले निर्वाचन अधिकृतसमक्ष आफ्नो सङ्घ, सङ्गठन, संयुक्त प्यानल वा समूहको आधिकारिक हस्ताक्षरसहितको सिफारिस पत्र पेस गर्नुपर्नेछ । सङ्घ/सङ्गठनको हकमा क्याम्पस इकाइ समितिको अध्यक्ष/सभापति, संयुक्त प्यानल र समूहको हकमा संयोजक/प्रमुख/अध्यक्षको पत्रलाई आधिकारिक मानिने छ । यसमा विवाद उत्पन्न भएको खण्डमा सम्बन्धित विद्यार्थी सङ्घ, सङ्गठनको केन्द्रीय अध्यक्ष/सभापति/संयोजक/प्रमुखको सिफारिसलाई आधिकारिक मानिनेछ ।

(४) छुट्टाछुट्टै सङ्गठन दर्ता भएकाले उम्मेदवारी दिँदा संयुक्त प्यानलको नाममा उम्मेदवारी दिन पाउने छन् । एउटै नाम भएका सङ्गठनहरू भएमा त्यस्ता सङ्गठनका आधिकारिक अध्यक्ष/सभापति/संयोजक/प्रमुखहरूसँग छलफल गरी त्यस्ता सङ्गठनको पहिचान दिन अध्यक्षको समूह वा पार्टीको भातृ सङ्गठन भएमा सङ्गठनको पहिचानका लागि पार्टीको सङ्केतीकरण निर्वाचन अधिकृतले गर्न सक्नेछन् ।

(५) उम्मेदवारी मनोनयन पत्र दाखिला गर्ने दिन २८ वर्ष नपुगेको र मतदाता सूचीमा नाम भएको व्यक्तिले स्व.वि.यु. कार्य समितिको कुनै एक पदको (पदाधिकारी वा सदस्यको) लागि मात्रै उम्मेदवारी दिन सक्नेछ । (उदाहरणका लागि २०८१ साल चैत्र ५ गते हुने निर्वाचनमा उम्मेदवारी दाखिला मिति २०८१/११/२७ भएमा प्रत्यक्ष र समानुपातिक दुवैतर्फ २०५३/११/२८ वा सोभन्दा पछिको जन्म मिति भएको विद्यार्थीहरूले उम्मेदवारी दिन पाउने छन् ।)

(६) मनोनयन दर्ता गर्नका लागि विश्वविद्यालयले तोकेको मनोनयन फाराम प्रयोग गर्नुपर्नेछ ।

(७) निर्वाचन समितिमा समानुपातिकतर्फको सदस्य पदको उम्मेदवारको नामावली सङ्घ, सङ्गठन वा समूहले तोकेबमोजिम सङ्ख्यामा मात्र निर्वाचन समिति समक्ष तोकेको मिति र समयभित्र बुझाउनुपर्नेछ । एक पटक बुझाईसकेपछि उक्त नाममा कुनै हेरफेर गर्न पाइने छैन । समानुपातिकतर्फका उम्मेदवारहरूको नामावलीमा पनि प्रत्यक्षतर्फका उम्मेदवारको जस्तै अन्तिम नामावली प्रकाशन गर्नुपर्नेछ । समानुपातिक सदस्यको नामावली पेस गर्दा स्व.वि.यु.मा जति सङ्ख्या सदस्यहरू रहने हो अधिकतम त्यति नै सङ्ख्यामा सदस्यहरूको नामावली पेस गर्नसक्ने छन् ।

(८) प्रत्यक्षतर्फका उम्मेदवार भएका व्यक्तिले समानुपातिकतर्फ उम्मेदवार हुन पाउने छैन । प्रत्यक्ष तर्फका उम्मेदवारको नाम समानुपातिक तर्फबाट समावेश भएको पाइएमा, उमेरको हद काटेमा वा मतदाता सूचीमा नाम नभएको पाइएमा निर्वाचन समितिले समानुपातिक तर्फबाट नाम हटाई बाँकी सदस्यहरूको नाम मात्र कायम गर्नेछ ।

(९) प्रत्येक मनोनयन पत्रमा १ जना प्रस्तावक र १ जना समर्थकको हस्ताक्षर गरी सक्कलै परिचय पत्रसमेत राखी पेस गर्नुपर्नेछ । प्रत्यक्ष र समानुपातिकतर्फका उम्मेदवार हुने विद्यार्थीहरूले उमेर खुलेको नागरिकता वा शैक्षिक प्रमाणपत्रको सक्कल र प्रतिलिपिसमेत निर्वाचन समितिमा पेस गरी त्यसको प्रतिलिपि निर्वाचन अधिकृतले प्रमाणित गरी रेकर्ड राख्ने र प्रमाणपत्र रुजु गरी सक्कल प्रति सम्बन्धितलाई फिर्ता दिनुपर्नेछ ।

(१०) कुनै एउटा पदको १ जना उम्मेदवारको प्रस्तावक वा समर्थक भइसकेको व्यक्ति सोही पदको अन्य उम्मेदवारको प्रस्तावक वा समर्थकका रुपमा बस्न पाइने छैन । तर सदस्यहरूको हकमा

भने जति जना प्रत्यक्ष प्रणालीबाट निर्वाचन हुनुपर्ने हो, त्यति नै जनाको प्रस्तावक वा समर्थक बस्न पाइनेछ ।

(११) जुन पदमा आफूले उम्मेदवारी दिएको छ सोही पदमा अन्य उम्मेदवारको समर्थक वा प्रस्तावक हुन पाइने छैन । त्यसरी समर्थक वा प्रस्तावक भएको पाइएमा दुवैको उम्मेदवारी रद्द हुनेछ ।

(१२) निर्वाचनमा कुनै सङ्घ, सङ्गठन वा समूहले समानुपातिकतर्फ मात्र पनि निर्वाचनमा सहभागी हुन सक्ने छन् ।

८. **मतपत्र सम्बन्धी व्यवस्था :** (१) निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिकतर्फको लागि अलग-अलग मतपत्र हुनेछ र समानुपातिक मतपत्रमा सङ्घ, सङ्गठन वा समूहको नाम राखिनेछ । प्रत्यक्षतर्फका मतपत्रमा सङ्घ, सङ्गठन वा समूह र उम्मेदवारको नाम राखिने छ ।

(२) मतपत्रमा निर्वाचन अधिकृत र मतदान अधिकृत दुवैको हस्ताक्षर अनिवार्य रुपमा हुनुपर्ने छ । तर इलेक्ट्रोनिक मेसिनबाट मतदान गर्ने व्यवस्था भएमा भने त्यसको आवश्यकता पर्ने छैन ।

९. **मतदान सम्बन्धी व्यवस्था :** (१) मतदाता नामावलीमा नाम भएका मतदाताले निर्वाचन समितिले तोकेको निर्धारित मिति, समय र स्थानमा गई क्याम्पसको परिचय पत्र देखाई मतदान गर्नुपर्नेछ ।

(२) मतदाता नामावलीमा नाम भएका विद्यार्थीहरूको परीक्षाको कारण परिचयपत्र तयार नभएमा तत्काल सम्पन्न भएको परीक्षाको प्रवेशपत्रका आधारमा मतदान गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

(३) मतदान गर्नु पूर्व उम्मेदवारको एजेन्टहरू राख्ने आधारहरू बनाई निर्वाचनका लागि एजेन्ट राख्न सकिनेछ ।

१०. **मतगणना सम्बन्धी व्यवस्था :** (१) निर्वाचन समितिले मतदान सम्पन्न भएपछि मतगणनाको मिति र समय तोकेर सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) मतगणना गर्नु पूर्व उम्मेदवारको एजेन्टहरू राख्ने आधारहरू बनाई मतगणनाका लागि एजेन्ट राख्न सकिनेछ ।

(३) मतदान सकिनासाथ मत गणनाको कार्य यथाशक्य चाँडो प्रारम्भ गर्नुपर्नेछ र नतीजा प्रकाशन गर्नुपर्नेछ ।

(४) प्रत्यक्ष निर्वाचनतर्फको मतगणनामा मत बराबर भएमा गोलाप्रथाबाट निर्णय गरिनेछ । समानुपातिकतर्फ खसेको सदर मतलाई समानुपातिकतर्फ निर्वाचित हुने सदस्य सङ्ख्याले भाग गरी आएको भागफललाई निर्वाचित हुने मत कोटा मानिनेछ । यो मत कोटाको अनुपातमा सङ्घ, सङ्गठन वा समूहको सदस्य निर्वाचित हुने छन् । निर्वाचित हुने आवश्यक सङ्ख्या पूरा नभएमा अधिकतम् शेषफलको क्रमअनुसार निर्वाचित हुने सदस्य सङ्ख्या वितरण गरिनेछ ।

**उदाहरणको लागि :**

कुनै निर्काचनमा उमेदवारी दिएका संघ/संगठन/समूह संख्या जम्मा ३ मात्र (क, ख र ग)
जम्मा समानुपातिकको सदर मत सङ्ख्या = ६८०
समानुपातिकतर्फबाट निर्वाचित हुने सदस्य सङ्ख्या = ५
एक सदस्य बराबर मत कोटा = १३६

| | **समूह क** | **समूह ख** | **समूह ग** |
|---|---|---|---|
| प्राप्त मत | २५० | २४० | १९० |

| | | | |
|---|---|---|---|
| भागफल | १ | १ | १ |
| शेष | ११४ | १०४ | ५४ |
| | १ | १ | ० |

(५) उपाध्यक्ष पद १ र सहायक सचिव पद १ मा निर्बाचन गर्दा प्रत्यक्ष तर्फबाट निर्वाचित पदाधिकारीहरू र सदस्यहरु तथा समानुपातिक तर्फबाट निर्वाचित भएका सदस्यहरूसहितको स्व.वि.यु. कार्य समितिले समानुपातिकबाट आएका सदस्यहरू मध्येबाट सर्वसम्मत वा बहुमतको आधारमा निर्वाचित गर्नेछ । जस्तैः उदाहरणको लागि ११ सदस्यीय स्व.वि.यु. कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष र ३ जना सदस्य प्रत्यक्षबाट आउनेछन् भने ५ जना समानुपातिक सदस्यहरु मध्येबाट उपाध्यक्ष १, सहायक सचिव १ र ३ जना सदस्यहरू चुनिनेछन् ।

(६) मतगणना सम्पन्न भएको ७ दिनभित्रमा निर्वाचनमा समानुपातिकतर्फ सङ्घ, सङ्गठन वा समूहले प्राप्त गरेको मतको आधारमा सदस्यमा निर्वाचित हुने सङ्ख्या तोकी सङ्घ, सङ्गठन वा समूहले पेस गरेको सूची भित्रका नाममध्येबाट सङ्घ, सङ्गठन/समूहबाट सिफारिस सहितको नाम मागी निर्वाचित भएको घोषणा गर्नुपर्ने छ । सात दिनभित्र नाम सिफारिस भई नआएमा निर्वाचन समितिले सङ्घ/सङ्गठन/समूहले पेस गरेको सूचीको क्रम सङ्ख्याको क्रमाङ्क १ बाट क्रमशः सदस्य छनोट गरि सदस्यको नाम प्रकाशन गर्नेछ र बाँकी पदाधिकारीको पनि निर्बाचन गराउनु पर्नेछ ।

(७) मतगणना सकिना साथ विजयी उम्मेदवारहरूले पाएको मतको सङ्ख्या र समानुपातिक तर्फ प्राप्त सिट सङ्ख्या समेत उल्लेख गरी परिणाम घोषणा गर्नु पर्नेछ ।

(८) निर्वाचन परिणामको विस्तृत विवरण प्राप्त मत सङ्ख्या सङ्घ, सङ्गठन वा समूहसमेत खुल्ने गरी क्याम्पस प्रमुखमार्फत् तत्काल शिक्षाध्यक्षको कार्यालय, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयमा पठाउनुपर्ने छ ।

**११. निर्वाचन आचारसंहिता :** (१) निर्वाचन स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गर्न देहायका कुराहरूको अनिवार्य रुपमा पालना गर्नुपर्ने छ :

(क) क्याम्पस हाताभित्र स्व.वि.यु. निर्वाचनलाई प्रभाव पार्ने गरी सरकारी कोषबाट तलब भत्ता लिने कुनै पनि व्यक्ति वा संस्थाका कार्यक्रमहरू गर्न पाईने छैन ।

(ख) क्याम्पसको कम्पाउण्डवालको बाहिरपट्टी, भित्रपट्टी र क्याम्पस परिसरमा निर्वाचनसम्बन्धी भित्ते लेखन (वाल पेन्टिङ) गर्न र तुल, फ्लेक्स तथा कुनै पनि प्रकारको पोस्टर टाँस्न पाइने छैन ।

(ग) विश्वविद्यालय र यस अन्तर्गतका क्याम्पसलाई हानि नोक्सानी हुने कुनै प्रकारको प्रचार प्रसार र अन्य गतिविधि गर्न पाइने छैन ।

(घ)क्याम्पसको निर्वाचन समितिमा दर्ता भएका सङ्घ, सङ्गठन, समूह वा स्वतन्त्र उम्मेदवारहरूलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम निर्वाचन समितिले सञ्चालन गर्न सक्नेछ । उक्त कार्यक्रममा एक अर्काप्रति आक्षेप वा आरोप लगाउने वाक्यहरू बोल्न पाइने छैन ।

(ङ) प्रत्येक सङ्घ, सङ्गठन, समूह र स्वतन्त्र उम्मेदवारले आफ्नो निर्वाचन घोषणा पत्र र उम्मेदवारको नामावलीको पर्चा (A4 साइजको एकै रङ भएको) मात्रै प्रचार प्रसार गर्न पाइनेछ।

(च) क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचार प्रसार गर्न पाइने छैन ।

(छ) विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द हड्ताल गर्न पाइने छैन ।

(ज) मतदान हुनुभन्दा ४८ घण्टा अगाडिदेखि निर्वाचनको प्रचार प्रसार गर्न पाइने छैन ।

(२) उपदफा (१) मा तोकिएदेखि बाहेक स्व.वि.यु. निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समिति र स्व.वि.यु. निर्वाचन कार्य समितिले थप आचारसंहिता तोक्न सक्नेछ । सो आचारसंहिता सबैले पालना गर्नु पर्नेछ ।

**१२. निर्वाचन सम्पन्न गर्न क्याम्पस वा कलेजले गर्नुपर्ने कार्यहरू :** (१) निर्वाचन सम्पन्न गर्नको लागि निर्वाचन व्यवस्थापन सम्बन्धी सबै कार्य क्याम्पसले गर्नुपर्नेछ । सो कार्यका लागि क्याम्पसले तोकेको जिम्मेवारी बहन गर्नु सबै शिक्षक/कर्मचारीको कर्तव्य र जिम्मेवारी हुनेछ । निर्वाचनमा सहयोग नगर्ने शिक्षक तथा कर्मचारीलाई आवश्यक कार्वाहीको लागि निर्वाचन समितिले क्याम्पस प्रमुख समक्ष लेखि पठाउनेछ ।

(२) एउटै क्याम्पस हातामा केन्द्रीय विभागको पनि कक्षा सञ्चालन भइरहेको अवस्थामा सबैका लागि एउटै स्व.वि.यु. हुने भएकोले प्रिन्सिपल/क्याम्पस प्रमुखले विभागसँग समन्वय गरी सबैलाई सहभागी गराउनु पर्नेछ ।

(३) विश्वविद्यालय क्याम्पस परिसरमा सञ्चालनमा रहेका सबै केन्द्रीय विभाग, विभाग र कार्यक्रमको एउटै स्व.वि.यु हुने भएकोले कार्यक्रम सञ्चालनमा रहेका डीनहरू, विभागीय प्रमुखहरू र कार्यक्रम संयोजकहरूले प्रिन्सिपलसँग समन्वय गरी सबैलाई उक्त निर्वाचनमा सहभागी गराउनु पर्नेछ ।

(४) यस निर्देशिकाबमोजिम वा निर्वाचन समितिले तोकेको आचारसंहिता बमोजिम बन्देज गरिएका कार्य कसैले गरेको पाइएमा तुरुन्तै रोक्न वा हटाउन लगाउनुपर्नेछ ।

(५) निर्वाचन कार्यतालिका प्रकाशित भई निर्वाचन प्रकृया अघि बढेको दिनदेखि विश्वविद्यालय वा क्याम्पसको प्राज्ञिक कार्य बाहेक निर्वाचनलाई प्रभाव पार्ने खालका गतिविधिमा रोक लगाउनु पर्नेछ ।

(६) क्याम्पसले शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन स्थानीय प्रशासनसँग समन्वय गरी आवश्यक कार्य गर्ने, गराउने छ ।

(७) निर्वाचन शान्तिपूर्ण ढङ्गले सञ्चालन गर्न क्याम्पसले निर्देशिका पूर्ण रुपमा पालना गर्ने र गर्न लगाउनुपर्ने छ । स्व.वि.यु.निर्वाचनको कुनै कुरामा अस्पष्टता भएमा निर्वाचन केन्द्रीय अनुगमन एवं समन्वय कार्य समितिसँग समन्वय गर्नसकिनेछ ।

(८) निर्धारित मितिमा कुनै कारणवश स्व.वि.यु. निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएमा निर्वाचन अधिकृतको सिफारिसमा क्याम्पस प्रमुखले निर्वाचन स्थगन गरी १५ दिनभित्र कुनै मिति तोकेर रोकिएको चरणबाट अगाडि बढाई निर्वाचन गर्नुपर्नेछ ।

**१३. बाधा अड्काउ फुकाउने अधिकार, खारेजी र बचाउ :** (१) यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार स्व.वि.यु. निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिलाई हुनेछ ।

(२) स्व.वि.यु. निर्वाचन कार्यक्रमले विश्वविद्यालयका प्राज्ञिक कार्य, नियमित परीक्षाहरू र प्रवेश परीक्षाहरू सञ्चालनमा कुनै बाधा पर्नेछैन ।

(३) यस अघि निर्बाचित स्व.वि.यु. कार्य समिति कार्यकारी परिषदले नयाँ निर्बाचन तालिकाको घोषणा गरेको दिनदेखि निर्वाचनको लागि तोकिएको मितिसम्म काम चलाउको रुपमा परिणत हुनेछ ।

(४) त्रिभुवन विश्वविद्यालय स्व.वि.यु. निर्बाचन २०८१ सम्पन्न भएको वा नभएको दुवै अवस्थामा

२०७९ मा निर्वाचित स्व.वि.यु. कार्य समितिको कार्यकाल २०८१ चैत्र ४ गतेदेखि स्वतः समाप्त भएको मानिनेछ ।

(५) स्व.वि.यु निर्वाचनको आचारसंहिता सम्बन्धी निर्देशिका, २०७९ खारेज गरिएको छ । यस अघि सो निर्देशिकाबमोजिम भए गरेका कामहरू यसै निर्देशिका बमोजम भए गरेको मानिनेछ ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय